# महिलाको गर्भपतनसम्बन्धी अधिकारः

# सचेतना पत्र


प्रकाशन नं. १२४


महिला, कानून र विकास मञ्च (FWLD)

PPFA-International®

# महिला र स्वास्थ्य

स्वास्थ्य सम्बन्धी अधिकार सबै व्यक्तिको नैसर्गिक अधिकार हो । व्यक्तिको स्वास्थ्यको कुरा गर्दा महिलाको जीवनमा प्रजनन स्वास्थ्यले महत्वपूर्ण क्षेत्र ओगटेको हुन्छ । त्यसैले प्रजनन स्वास्थ्यको अधिकार महिलाको विशेष अधिकार हो । सामान्यतया प्रजनन स्वास्थ्य भन्नाले बच्चा जन्माउने कार्य मात्र हो भन्ने बुझिन्छ । तर प्रजनन स्वास्थ्य बच्चा जन्माउनुसँग मात्र सीमित छैन । महिलाको जीवनमा प्रजनन स्वास्थ्य कसरी गाँसिएको हुन्छ भन्ने तल दिइएको प्रजनन स्वास्थ्य चक्रबाट बुझ्न सकिन्छ ।



# महिलाको प्रजनन स्वास्थ्यको अधिकार

संयुक्त राष्ट्र संघीय मानव अधिकारसम्बन्धी भियाना सम्मेलनले महिलाको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात् गरेको छ । यसैगरी जनसंख्या तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन तथा विश्व महिला सम्मेलनको घोषणापत्र (बेइजिङ्ग घोषणापत्र) तथा कार्ययोजनाले महिलाको प्रजनन स्वास्थ्यको अधिकारलाई विस्तृत एवं व्यापक गर्नुका साथै यस अधिकारको संरक्षण र विकास गर्ने सम्बन्धमा स्पष्ट कार्ययोजना समेत तयार पारी महिलाको प्रजनन स्वास्थ्यको अधिकार महिलाको मानव अधिकारको रूपमा स्थापित गरेको छ ।

प्रजनन अधिकार महिलाको सम्पूर्ण जीवनसँग सम्बन्धित रहेकोले महिलाको निरपेक्ष अधिकार हो । विशेषगरी प्रजनन अधिकारभित्र महिलाका निम्न अधिकारहरू समावेश हुन्छ :

- महिलाको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार
- स्वास्थ्य, प्रजनन स्वास्थ्य, परिवार नियोजनको अधिकार
- बच्चाको संख्या र जन्मान्तरको निर्धारण गर्ने अधिकार
- सहमतिपूर्ण विवाह र विवाहमा समान अधिकार
- गोपनियताको अधिकार
- कुनै विशेष आधारमा गरिने भेदभाव विरूद्धको अधिकार
- महिला तथा बालबालिकालाई असर पुऱ्याउने किसिमका व्यवहार विरूद्धको अधिकार
- क्रुर, यातना, अमानवीय एवं अपमानजनक व्यवहार विरूद्धको अधिकार
- यौन हिंसा विरूद्धको अधिकार
- वैज्ञानिक प्रगतिको उपभोग र वैज्ञानिक परीक्षणका लागि सहमतिको अधिकार

नेपालको अन्तरिम संविधान, २०६३ ले पनि प्रजनन अधिकारलाई महिलाको मानव अधिकारको रूपमा आत्मसात गरी पहिलो पटक मौलिक हकभित्र समावेश गरी संवैधानिक संरक्षण प्रदान गरेको छ ।

**प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुनेछ ।**

*– नेपालको अन्तरिम संविधान, २०६३ धारा २०(२)*


## गर्भपतनको अधिकारको आवश्यकता

गर्भपतनको अधिकार प्रजनन स्वास्थ्यको एक अभिन्न र महत्वपूर्ण पक्ष हो । अनइच्छित गर्भधारण र असुरक्षित गर्भपतनले महिलाको स्वास्थ्य र जीवनमा गम्भीर खतरा सिर्जना हुने हुँदा महिलाको प्रजनन स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गर्भपतनको अधिकार अपरिहार्य हुन्छ । गर्भपतनको अधिकारको आवश्यकतालाई निम्न बुँदाहरूद्वारा प्रष्ट्याउन सकिन्छ ।

- महिलाको प्रजनन स्वास्थ्यको अधिकारलाई संरक्षण गर्न,
- गर्भपतन सेवा सुरक्षित, सुलभ र पहुँचयोग्य बनाउन,
- असुरक्षित गर्भपतनले महिलाको स्वास्थ्यमा पार्ने असरहरूलाई न्यून पार्न,
- महिलाको स्वास्थ्यको संरक्षणको लागि गर्नुपर्ने गर्भपतन सरल र सहज बनाउन,
- उच्च मातृमृत्युदर घटाउन,
- महिला गर्भवती हुने हुनाले महिलालाई आफ्नो शरीरमाथिको आत्मनिर्णयको अधिकार प्रदान गर्न,
- महिलाको शरीरमाथि स्वायत्तता कायम राख्न ।


## गर्भपतनको अधिकारका तीन आवश्यक तत्वहरु

महिलाको प्रजनन स्वास्थ्यको अधिकारको रूपमा स्थापित गर्भपतनको अधिकारलाई सुनिश्चित गर्न गर्भपतन कानूनद्वारा मान्यता प्राप्त, सुरक्षित, सर्वसुलभ र पहुँचयोग्य हुनु आवश्यक छ । कानूनले तोकेको अवस्था बाहेक अन्य अवस्थामा गरिने गर्भपतनले असुरक्षित गर्भपतनलाई प्रश्रय दिन्छ भने कानूनले तोकेको अवस्थामा पनि गर्भपतन सेवा सर्वसुलभ हुन नसकेको अवस्थामा महिलाहरू गर्भपतनको अधिकारबाट वन्चित हुनुपर्ने अवस्था श्रृजना हुन सक्दछ । तसर्थ महिलाको गर्भपतनको अधिकारलाई सुनिश्चित गर्न कानूनी, सुरक्षित र सर्वसुलभ तीनै तत्वको विद्यमानता हुन आवश्यक हुन्छ ।



## असुरक्षित गर्भपतनको असर

महिलाहरूले अदक्ष व्यक्तिहरूद्वारा असुरक्षित तरिकाले गर्भपतन गराउँदा गर्भपतन गर्ने महिलालाई मात्र नभई उसको परिवार, समाज र सिङ्गो राष्ट्रलाई नै यसले गम्भीर असर पुऱ्याई रहेको छ ।



## गर्भपतन, गर्भ तुहिनु, मृत जन्म र शिशु हत्या बीचको फरक

**(क) गर्भपतन**




सामान्य अर्थमा गर्भमा रहेको भ्रुण स्वभाविक र प्राकृतिक रूपमा जन्मनुभन्दा अघि गर्भाशयबाट बाहिर नस्कनु गर्भपतन हो । अर्को शब्दमा कुनै पनि महिलाको गर्भमा रहेको भ्रुणलाई स्वभाविक प्रक्रिया र परिस्थितिमा जन्मिन नदिई स्वतन्त्र रूपमा बाँच्न सक्ने समयभन्दा अगावै कृत्रिम तरिका अपनाई तुहाउनुलाई गर्भपतन भनिन्छ ।



**(ख) गर्भ तुहिनु**

कुनै पनि गर्भवती महिलाको स्वास्थ्य सम्बन्धी समस्या वा शारीरिक रोग वा दुर्घटनाको कारण गर्भमा रहेको नवभ्रुण वा भ्रुण आफै प्राकृतिक रूपमा तुहिनुलाई गर्भ तुहिनु वा प्राकृतिक गर्भपतन भनिन्छ ।

**(ग) मृत जन्म**



गर्भावस्थापछि जन्मिएको बच्चा जसले पूर्ण रूपमा जन्मदा श्वास फेर्दैन र जीवनको कुनै पनि लक्षण देखाउँदैन भने त्यसलाई मृत जन्म भनिन्छ । गर्भमा नै कुनै प्राकृतिक कारणवश मृत्यु भई निष्प्राण जन्मनु वा गर्भमा जीवित भएता पनि प्रसव बेथा वा जन्मने प्रक्रियामा मृत्यु हुन जान्छ ।

**(घ) शिशु हत्या**



आमाको गर्भबाट स्वतन्त्र रूपमा बाँच्न सक्ने गरी जन्मिएको नवजात शिशुको कुनै प्रकारबाट गरिने हत्यालाई शिशु हत्या भनिन्छ ।

## गर्भपतनसम्बन्धी कानूनी व्यवस्था

मिति २०५९ आश्विन १० गते मुलुकी ऐन, २०२० मा भएको एघारौं संशोधनले नेपालमा गर्भपतनलाई सीमित अवस्थामा कानूनी मान्यता प्रदान गरेको छ । जसअन्तर्गत :

- गर्भवती महिलाको स्वेच्छाले निश्चित अवधिमा गरेको गर्भपतनलाई अधिकारको रूपमा स्थापित गरियो,
- गर्भवती महिलाको सहमती विना बलपूर्वकको गर्भपतनलाई अपराध मानी सजाँयको व्यवस्था गरियो ।

### कस्तो अवस्थामा गर्भपतन गर्न पाइन्छ ?

- गर्भवती महिलाको स्वेच्छाले १२ हप्तासम्मको गर्भ,
- जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ,
- महिलाको ज्यानमा खतरा हुन सक्ने अवस्थामा महिलाको सहमतिमा जहिलेसुकै,
- महिलाको शारीरिक/मानसिक स्वास्थ्यमा असर पर्ने अवस्थामा महिलाको सहमतिमा जहिलेसुकै,




- विकलाङ्ग बच्चा जन्मन सक्ने अवस्थामा महिलाको सहमतिमा जहिलेसुकै ।

**विकलाङ्ग भन्नाले भ्रूणमा गम्भीर कमी कमजोरी भएको कारणले गर्भमै मृत्यु हुन सक्ने सम्भावना भएको वा जन्मेर पनि बाँच्न नै नसक्ने गरी गर्भको बच्चामा खराबी रहेको तथा वंशाणुको (जेनेटिक) खराबीले वा अन्य कुनै कारणले बच्चामा गम्भीर शारीरिक वा मानसिक अशक्तता हुने अवस्थालाई जनाउँदछ ।**



## कस्तो अवस्थामा गर्भपतन गर्न पाइँदैन ?



- गर्भवती महिलाको मन्जुरी विना,
- भ्रूणको लिङ्ग पहिचान गरी लिङ्गको आधारमा,
- कानूनले तोकेको अवधि नघाएमा,
- कानूनले तोकेको अवस्था बाहेक अन्य अवस्थामा ।

## सुरक्षित गर्भपतन को □ारा गराउने ?



सुरक्षित गर्भपतन सेवा प्रदान गर्न स्वास्थ्य संस्था तथा सेवा प्रदायकले सम्बन्धित निकायबाट अनुमति लिनुपर्ने व्यवस्था छ । महिलाले गर्भपतनको सेवा अनुमति प्राप्त स्वास्थ्य संस्थामा सेवा प्रदान गर्न तालिमप्राप्त गरेका स्वास्थ्यकर्मीबाट लिनु पर्दछ । अन्य अवस्थामा गरिएको गर्भपतन असुरक्षित हुनुका साथै कानूनद्वारा दण्डनीय समेत हुन्छ ।

## गर्भपतनको सेवा उपलब्ध गराउँदा के कस्तो प्रविधि अपनाउनु पर्ने हुन्छ ?

- १२ हप्तासम्मको अवधिको गर्भको लागि म्यानुल भ्याकुम एसपिरेसन (MVA), इलेक्ट्रोनिक भ्याकुम एसपिरेसन (EVA), फर्माकोलोजिकल र डायलेटेशन तथा क्युरेट्ज (D&C),
- १२ हप्ताभन्दा बढी अवधिको लागि माथि उल्लेखित प्रविधिको अतिरिक्त डाइलेटेशन तथा इभाक्वेशन (D&E) र पेशागत हिसावले उपयुक्त ठहरिएको अन्य कुनै प्रविधि,

**चिकित्सकले सेवा उपलब्ध गराउँदा वा सो विषयमा राय दिंदा वा स्वास्थ्यकर्मीले सेवा उपलब्ध गराउँदा प्राविधिक दृष्टिले सम्बन्धित गर्भवती महिलालाई हुन सक्ने शारीरिक हानी नोक्सानीको संभावित जोखिम, यसका बेफाइदा, विकल्प तथा परिवार स्वास्थ्य एवं परिवार नियोजनका विषयमा समेत परामर्श सेवा उपलब्ध गराउनुपर्ने हुन्छ ।**

## जबरजस्ती र हाडनाता करणीबाट रहन गएको गर्भ पतन गराउँदा सेवा प्रदायकले लिने आधार के हो ?



जबरजस्ती वा हाडनाता करणीबाट गर्भ रहन गएको अवस्थामा सम्बन्धित गर्भवती महिलाले अभिव्यक्त गरेको बयानलाई सम्बन्धित सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीले विश्वसनीय आधार मानी सेवा उपलब्ध गराउनु पर्दछ ।

## कस्तो अवस्थाका महिलाहरुले गर्भपतन गराउँदा नजिकका नातेदारको स्वीकृति आवश्यक हुन्छ ?

- शारीरिक वा मानसिक अस्वस्थताको कारणले होस ठेगानमा नभएको महिला,
- १६ वर्ष उमेर नपुगेको महिला

**नजिकको नातेदार भन्नाले सम्बन्धित गर्भवती महिलाको पति, आमा, बाबु, सासु, ससुरा, उमेर पुगेको दाजु, भाइ, दिदी, बहिनी, छोरा, छोरी, भतिजा, भतिजी, काका, काकी, मामा, माइजू सम्झनु पर्दछ र सो शब्दले तत्कालको संरक्षक समेतलाई जनाउँछ ।**

## कस्तो अवस्थामा गर्भपतन गराउन चिकित्सकको राय आवश्यक हुन्छ ?



- गर्भवती महिलाको ज्यान खतरामा पर्ने संभावना भएमा,
- गर्भवती महिलाको स्वास्थ्य, शारीरिक वा मानसिक रूपले खराब हुने संभावना भएमा,
- विकलाङ्ग बच्चा जन्मने संभावना भएमा ।

**गर्भपतन सेवा लिन आउने महिलाले उपलब्ध गराएको चिकित्सकको राय, मन्जुरीनामा लगायतका सबै प्रकारका कागजात तथा अभिलेखमा उल्लेखित व्यहोरा सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले गोप्य राख्नु पर्ने हुन्छ ।**

# कानून विपरित गरिने गर्भपतनमा हुने सजाँय

## कानूनले तोकेको अवस्थामा बाहेक वा अवधि नगाई गर्भपतन गर्ने गराउनेलाई के कस्तो सजाँय हुन्छ ?



- बाह्र हप्तासम्मको गर्भ पतन गरेमा एक वर्षसम्म कैद,
- पच्चीस हप्तासम्मको गर्भ पतन गरेमा तीन वर्षसम्म कैद,
- पच्चीस हप्ताभन्दा बढीको गर्भ पतन गरेमा पाँच वर्षसम्म कैद ।

## भ्रुणको लिङ्गको पहिचान गर्ने र लिङ्गको आधारमा गर्भपतन गर्ने गराउनेलाई के कस्तो सजाँय हुन्छ ?

- गर्भपतन गर्ने गराउने उद्देश्यले भ्रुणको लिङ्ग पहिचान गर्ने गराउनेलाई तीन महिनादेखि ६ महिनासम्म कैद,
- लिङ्गको आधारमा गर्भपतन गर्ने गराउनेलाई ६ महिनादेखि २ वर्षसम्म वर्षसम्म कैद ।



## करकाप, ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउनेलाई के कस्तो सजाँय हुन्छ ?

- १२ हप्तासम्मको गर्भ पतन गराएमा १ वर्षसम्म कैद,
- २५ हप्तासम्मको गर्भ पतन गराएमा ३ वर्षसम्म कैद,
- २५ भन्दा बढी भएको गर्भ पतन गराएमा ५ वर्षसम्म कैद ।



## गर्भवती छ भनी जनी जानी रिसइवीले गर्भवती महिलालाई केही गर्दा गर्भ तुहिन गयो भने के कस्तो सजाँय हुन्छ ?



- पच्चीस हप्तासम्मको गर्भ तुहिन गएकोमा ३ महिना कैद,
- पच्चीस हप्ताभन्दा बढीको गर्भ तुहिन गएकोमा ६ महिना कैद ।

## गर्भवती छ भनी नजानी रिसइवीले गर्भवती महिलालाई केही गर्दा गर्भ तुहिन गयो भने के कस्तो सजाँय हुन्छ ?

- पच्चीस हप्तासम्मको गर्भ तुहिन गएकोमा रू. ५००।- जरिवाना,
- पच्चीस हप्ताभन्दा बढीको गर्भ तुहिन गएकोमा रू. १०००।- जरिवाना ।

## कानून विपरित गरिएको गर्भपतनमा उजुरी गर्ने हदम्याद कति हुन्छ ?

- कसूरदार आफै साबित भएकोमा बाहेक गर्भपतन भएको मितिले ३ महिना भित्र नजिकको प्रहरी कार्यालयमा उजुरी गर्नुपर्छ ।



**सुरक्षित गर्भपतनसम्बन्धी जानकारी उपलब्ध हुने स्थान:**

**परिवार स्वास्थ्य महाशाखा, स्वास्थ्य सेवा विभाग**

**टेकु, काठमाडौं**

**फोन नं. : ४२६२१५५/४२१५२६५ वेबसाइट : www.safemotherhood.org.np**

सुरक्षित, सुलभ र कानूनी
गर्भपतन सेवा प्रदान गरौं ।

महिलाको प्रजनन स्वास्थ्य
अधिकारको संरक्षण र सम्बर्द्धन गरौं ।